"शिक्षा, पर्यटन पुर्वाधार र कृषि क्षेत्रमा लगाऔं सीप र ज्ञान, समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !"

## पञ्चकन्या गाउँपालिका

## गाउँ सभाको १८ औं अधिवेशनमा

## अध्यक्ष श्री तेज बहादुर तामाङ ज्युले प्रस्तुत गर्नु भएको

## आ.व. २०८२/८३ को

# नीति तथा कार्यक्रम

पञ्चकन्या गाउँपालिका

लाकुरीभञ्ज्याङ, नुवाकोट

*ईति सम्वत् २०८२ साल असार १० गते रोज ३ शुभम्*

**आदरणीय सभाका सदस्यज्यूहरु,**

यस पञ्चकन्या गाउँपालिकको १८ औं गरिमामय सभामा पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई भाग्यमानी र गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई आफ्नो अमूल्य सुझाव दिनु हुने सम्पूर्ण राजनीतिक दल, बुद्धिजीवि, समाजसेवी, संघ संस्था, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सबै सरोकारवालाहरूलाई हार्दिक आभार सहित हामी गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको प्राप्ति र सवलीकरणको क्रममा भएका ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विशेष गरी यस गाउँपालिकाको भूमिबाट **केशव राज पाण्डे, राम प्रसाद पाण्डे, समुन्द्र मल्ल ठकुरी (अजित), मधुकर राई, सुमन तमाङ (दिपेस), पुण्डरी नेपाली, सुनिल कुमार तमाङ, गौरी सिटौला, पुरुषोत्तम खतिवडा, शिव शरण भारती, श्रीकृष्ण राई, रामशरण नेपाली, ईश्वर थापा** लगायतका १४ जना योद्धाहरुको बलिदान हाम्रो सामु जिवितै छ। ती महान् शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै बेपत्ता, घाईते तथा अपाङ्ग योद्धाहरुमा उच्च सम्मान प्रकट गर्दछु।

१. **"शिक्षा, पर्यटन, पूर्वाधार र कृषि क्षेत्रमा लगाऔं सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"** को सोच सहित यस गाउँपालिकालाई सुन्दर र समुन्नत गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँवासीको आकांक्षा र हामीले निर्वाचनका क्रममा जनताप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं।

२. स्थानीय सरकारले आफ्नो पालिकाको समग्र विकास र सेवा प्रवाहको लागि नवीन, कार्यान्वयनयोग्य र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो। नेपालको संविधान, विभिन्न क्षेत्रगत नीति तथा कानूनहरु, १६ औं आवधिक योजना, प्रदेश तथा यस गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो विकास लक्ष्यको मार्ग चित्र, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानूनी प्रावधान लगाएत सम्पूर्ण सरोकारवाल पक्षहरुको सुझाव समेतका आधारमा समृद्ध पञ्चकन्या निर्माण गर्ने संकल्पका साथ आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

**३. अब, म चालु आ.व. २०८१/०८२ को हालसम्मको प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

**क) भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धि**

१) **सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म **२४ कि.मि.** पक्कि सडक, **९३** कि.मि. ग्राभेल सडक, **१५४** कि. मि. कच्ची सडक निर्माण भएको छ। चालु आ.व. मा उपभोक्ता समितिबाट ६९ वटा र ४ वटा ठेक्का प्रकृयाबाट गरी जम्मा ७३ वटा सडकका योजनाहरु कार्यान्वयनमा गई कार्यसम्पन्न भएको छ। गाउँपालिका सवै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाका विभिन्न बस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत बर्षयाममा गाडी चल्ने सडक पूर्वाधार विस्तार भएको छ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई सुदृढ बनाउँदै लगिएको छ।

२) **भवनः**

यस वर्ष यस पालिका अन्तर्गत जम्मा ५ वटा पूर्ण पक्की भवनको थालनी भएकोमा ३ वटा सम्पन्न भईसकेको र वडा नं. १ र वडा नं. ५ को वडा कार्यालयका भवनहरु निर्माणाधीन अवस्थामा रहेको छ। साथै अन्य ७ वटा भवनहरुमा आंशिक रुपमा लगानी भई कार्यान्वयन भएको छ।

३) **पुल/पुलेसाः**

यस वर्ष यस पालिकामा १ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको र यस सहित हालसम्म पालिकाभित्र २१ झोलुङ्गे पुल चालु अवस्थामा रहेको छ। १ वटा कल्भर्ट निर्माणको कार्य समाप्त भई सञ्चालनमा आएको छ।

४) **खानेपानीः**

यस वर्ष खानेपानीका जम्मा ३७ वटा साना मझौला योजना सम्झौता भई उपभोक्ता समितिबाट कार्यान्वयन भएको र १ वटा ठेक्का प्रकृयाबाट कार्यान्वयनमा गएको मध्ये अधिकांश सम्पन्न भईसकेको र केही खानेपानी आयोजना सम्पन्न हुने अन्तिम चरणमा रहेको छ। यो योजनाहरु

कार्यान्वयन भई सकेपश्चात खानेपानीको टड्कारो समस्या समाधान भएको विस्वास गरिएको छ।

**५) सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा गरी कूल खेतीयोग्य जमिनको करिव **४५% भू**-भाग अर्थात **१५१६** हेक्टरमा सिंचाइ सुविधा उपलब्ध छ। मूहानहरुको पहिचान, संरक्षण, अभिलेखीकरण र दर्ताका कार्यहरु व्यवस्थित गरिएको छ । यस वर्ष सिंचाईका २७ वटा योजना कार्यान्वयनमा गएकोमा २३ वटा सम्पन्न भईसकेको र ४ वटा चालु अवस्थामा रहेको छ।

**६) अन्यः यस चालु आ.व. मा,**

- ७ वटा चौताराहरुको निर्माण सम्पन्न भईसकेको छ।
- २७ वटा पदमार्ग निर्माण कार्य प्रारम्भ भई अधिकांश सम्पन्न भईसकेको र केही सम्पन्न हुने चरणमा रहेको छ।
- शिक्षा/विद्यालय तर्फ १८ वटा, धार्मिक/सांस्कृतिक तर्फ ३० र वन, वातावरण/विपद्तर्फ ८ वटा लगायत सम्पूर्ण क्षेत्रहरुमा यो वर्ष जम्मा २७७ वटा पूर्वाधारजन्य कार्यक्रमहरु सम्झौता भई कार्यान्वयन भएको र योजना फरफारक साथै भूक्तानीको अन्तिम चरणमा रहेको छ।

**ख) सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी :**

गाउँपालिका भित्र रहेका **३०** वटा सामुदायिक र **१** संस्थागत विद्यालयहरुलाई व्यवस्थित वनाउने प्रयास जारी छ। गाउँपालिकामा रहेको **१०** शैय्याको अस्पताल निर्माणकार्य सम्पन्न भई सञ्चालनको अवस्थामा पुगेको र यही आ.व. बाट सेवा शूभारम्भ हुने अवस्थामा रहेको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ। विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण कार्यलाई प्राथमिकता दिइएको छ।

एकाध विद्यालय बाहेक अन्य सबै सामुदायिक विद्यालयका भवनहरुको निर्माण कार्य सम्पन्न भएको छ। पूर्वाधार तयारी पश्चात विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा समयानुकुल शैक्षिक विधि र प्रविधि प्रयोग गरिरहेका छौ। रुम टु रिड, रुडेक नेपाल र पालिकाको सहकार्य, साझेदारीमा सञ्चालित साक्षरता कार्यक्रमले विद्यालयको शैक्षिक गुणस्तरमा देखिने गरी सुधार ल्याउने प्रयास गरिएको छ। रुडेक नेपाल/गुड नेवर्स इन्टरनेशनल मार्फत करिब ६ सय

भन्दा बढी विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ।सामुदायिक तथा ग्रामिण विकास समाज नेपाल, नुवाकोटबाट विद्यालयको दिवा खाजा सहयोग भएको छ ।

**ग) आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी :**

हाल सम्म यस गाउँपालिकामा कुल भू-भागको **६३.०२%** अर्थात **३३७९** हेक्टर खेतियोग्य जमिन रहेको छ। प्रत्येक वडामा १ दिने झोल मल बनाउँने तालिम सम्पन्न गरियो जसबाट १८५ जना लाभान्वित भएको छ। फलफूलका बेर्नाहरु व्यक्ति र समूहमार्फत वितरण गरिएको छ । कृषि तथा पशु सम्बन्धी विभिन्न समस्याको पहिचान र सोको निवारण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ। जसबाट ३५३ किसानहरु लाभान्वित भएका छन् । गोरु पाल्ने कृषकहरुको १५० हल गोरुको बिमा कार्य सम्पन्न गरिएको छ । साथै, उत्कृष्ट कृषक छनौट गरी यस पालिकाबाट ५ जना कृषकलाई सम्मान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।घ्याङ्स्वारा पर्यटकीय क्षेत्रको करिब ५०० रोपनी जग्गामा यस चालु आ.व. मा ११००० (एघार हजार) र हालसम्म करिव ४३००० (त्रिचालीस हजार) चियाको बिरुवा रोपण कार्य सम्पन्न भएको र भैसी पालन कार्यकमलाई सोसँग जोडेर चियाखेती साथै ओखर खेतीको विकासमा जोड दिएको छ।

यस गाउँपालिकाभित्रका किसानले पालेका गाई र भैसीलाई १८०० डोज लम्की स्कीन विरुद्धको खोप, १५०० डोज खोरेत विरुद्धको खोप र बाख्रामा ४००० डोज पि. पि. आर. विरुद्धको खोप लगाइसकिएको छ। गाउँपालिका भित्र रहेको कृषि सहकारी संस्थाको अनुगमन गरी व्यवसायीक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू **नाटेश्वरी, कपिलेश्वर महादेव, राक्षेश्वर, घ्याङस्वारा पर्यटकीय पार्क, खड्कुले छाँगो, टोड्के भञ्ज्याङ तथा चमेरो गुफा** को संरक्षण र प्रवर्द्धन गर्ने कामलाई निरन्तर रूपमा कार्यान्वयनमा ल्याइएको छ। रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ। यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कार्यान्वयन गरी ७१ जना सुचिकृत बेरोजगारहरुलाई १०० दिन बराबरको रोजगार प्रदान गरिएको छ ।

**घ) वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन :**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित, उद्यम र पर्यटनको विस्तार गरिएको छ। गाउँपालिका भित्र

रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ।

**ङ) सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धीहरु :**

गाउँपालिकाले हालसम्म ५३ **वटा ऐन, नियम, कार्यविधि, र मापदण्ड**हरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८१ र पञ्चकन्या गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२ तर्जुमाको तयारी गरेको छ। गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA) मा ९१.२५ अंक** प्राप्त गरी अघिल्लो आ.व. को तुलमनामा उल्लेख्य सुधार गरेको छ। यसै गरी स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन **(FRA ) मा ८१ अंक** प्राप्त गरी अघिल्लो आ.व. को तुलमनामा उल्लेख्य सुधार गरेको छ। राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि गर्दै लगिएको छ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

४. संघीयताको मर्मलाई आत्मसात गरी लोकतन्त्रका लाभहरुलाई जनतासम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस स्थानीय सरकारको दोस्रो कार्याकालको चौथो बर्षको यस गाउँपालिकाको विषयगत एवं क्षेत्रगतमा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## १.आर्थिक विकासः

क)**कृषिः**

कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकिकरण, यान्त्रिकरण, व्यवसायीकरण र बजारीकरणमा ध्यान दिई नागरिकको जीवनस्तर उकास्न जोड दिईने छ। जसका लागि आगामी आ.व. ०८२/८३ मा आवश्यक बजेटको व्यवस्था गरेको छु।

- कृषिजन्य उत्पादन बढाउँन गाउँपालिका भित्रका सबै कृषियोग्य जमिनको माटो परिक्षण गरि माटो सुहाउँदो बालि लगाउन प्रोत्साहन गरिने छ। प्राङ्गरिक मलको प्रयोगमा जोड दिईने छ।
- **<u>"जसले रोप्छ फलफुलको बोट, उसको हातमा हरियो नोट"</u>** भन्ने नाराका साथ गाउँपालिका भित्र बाँझो जमिन राख्ने प्रवृत्तिलाई निरुसाहित गर्न गाउँपालिकालाई फलफूलमा आत्मनिर्भर गाउँपालिका बनाउने उद्देश्यका साथ अभियान सञ्चालन गरिने छ।
- निर्वाहमुखी कृषि क्षेत्रलाई रुपान्तरण गरी व्यवसायीकरण बनाउँन कृषिजन्य बस्तुको उत्पादन र उत्पादकत्व बढाउँन जरुरी छ। जसका लागि बिउ, बिजन, मल खात र कृषि चूनमा अनुदान दिइने छ।
- युवाहरुलाई लक्षित गरी स्थानीय स्तरमा स्वरोजगारी सिर्जना गर्नको लागि व्यक्तिगत वा सामूहिक रुपमा विभिन्न उत्पादनमुखी कृषिजन्य कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषकको समेत लागत साझेदारी रहने गरी विभिन्न नगदे वाली र फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।
- कृषक, कृषि सहकारी र कृषि समूहलाई कृषि उत्पादनमा प्रविधि तथा प्राविधिक सहयोग, प्रसार, रोगको पहिचान र निदान, बालि संरक्षण लगायत विषयमा जानकारी दिनका लागि स्थलगत घुम्ती सेवा सञ्चालन गरिने छ।
- कृषकको खेतबारीमा देखा पर्ने विभिन्न रोग र किराको समयमा नै समाधानको निम्ति आवश्यक बाली उपचार शिविर र आकस्मिक बाली संरक्षण कार्यक्रम चलाईने छ।
- किसानको वर्गिकरण गरी तिनै तहको सरकारको सहकार्यमा कृषि सम्बन्धि क्रियाकलाप सञ्चालन गर्न अनिवार्य रुपमा किसानको सूचिकरण गर्ने कार्यलाई निरन्तरता दिँदै परिचयपत्र वितरण गर्ने कार्यलाई अगाडि बढाईने छ।
- **<u>"स्थानीय उत्पादनलाई प्रोत्साहन, आयातितलाई निरुत्साहन"</u>** कार्यक्रमलाई आत्मसात् गरी चाँडबाँड लक्षित पूष्प खेती कार्यक्रमलाई प्रवर्द्धन गरी फुलको उत्पादन अभिबृद्धि गरी निर्यात प्रवर्द्धन गरिने उद्देश्यका साथ बजेट व्यवस्थापन गरिएको छ।
- गाउँपालिकाभित्र स्थापित कृषिजन्य फर्महरुलाई अनिवार्य दर्ताका लागि प्रोत्साहन गरी आवश्यक सहयोग गरिने छ ।
- तरकारी, फलफूल र अन्य कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिँदै थप बिस्तारमा जोड दिईने छ ।
- कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गर्न आवश्यक पहल गरिने छ ।

- आ.व. ०८२/८३ मा कृषिजन्य उत्पादन वृद्धिको लागि आवश्यक पर्ने रसायनिक मल यस गाउँपालिका भित्रका मापदण्ड पूरा गरेका सहकारी संस्थाहरु मार्फत समन्यायिक र पारदर्शी रुपमा स्थानीय समिति मार्फत मूल्य निर्धारण गरी मल वितरण कार्यलाई थप प्रभावकारी बनाईने छ ।
- कृषकले उत्पादन गरेका कृषि बालीलाई हानि नोक्सानी गर्ने वन्यजन्तुहरुको आतंकलाई नियन्त्रण गर्नको लागि आवशयक पहल गरिने छ।
- खाद्यान्न बालीमा पालिकालाई आत्मनिर्भर बनाउनको लागि धान, मकै, कोदो, दलहन जस्ता खाद्यान्न वालीको उत्पादन बढाउन जग्गा चक्लाबन्दी गरी खेती गर्ने कार्यलाई प्रोत्साहित गरिने छ।

ख) **सिंचाईः**

- गाउँपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरुको मर्मत सम्भार गरी बाह्रै महिना सिंचाई सुविधा पुर्‍याउँने कार्यलाई उच्च प्राथमिकता दिईने छ।
- गाउँपालिकाभित्रका कृषि योग्य जमिनमा सिंचाईको लागि पानीको स्रोतको पहिचान गरी नहर, कूलोको निर्माणलाई प्राथमिकता दिईने छ। सिंचाईको तत्कालिन आवश्यकता पूरा गर्न प्लास्टिक पोखरी, थोपा सिंचाई जस्ता कार्यक्रमलाई निरन्तरता दिईने छ।
- उत्पादन योग्य जमिनहरुमा पानीको स्रोतको अभावले सिंचाई हुन नसक्ने अवस्थालाई मध्यनजर गर्दै लिफ्ट सिञ्चाई जस्ता मेगा प्रोजेक्ट सञ्चालन गर्न आवश्यक पहल कदमी लिईनेछ।
- खेतियोग्य जमिन सिंचित गरी कृषि बालीजन्य, फलफूलजन्य र तरकारीजन्य उत्पादन बढाउँन सिंचाई पाइपहरु वितरण गर्दै आइरहेको र यसकार्यलाई आगामी आ.व. मा समेत निरन्तरता दिइने छ।

ग) **पशुपन्छी**

- **<u>“स्वस्थ पशुपन्छी उत्पादन आम्दानीको सारः समुन्नत जीवन र समृद्ध पञ्चकन्याको आधार</u>”** मूल नारालाई साकार पार्न पालिकाभित्र किसानहरुले पालेका पशुपन्छीको यथेष्ट तथ्याङ्क अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- पशु सेवा शाखा र सबै वडामा रहेको पशु सेवा केन्द्र मार्फत पशु स्वास्थ्य परामर्श, पशुपन्छीमा लाग्ने माहामारी र प्राणघातक रोगको पहिचान गरी आधारभूत रुपमा आवश्यक पर्ने औषधी उपलब्धता र विभिन्न रोग विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिने छ।

- पशु तथा मानिसमा लाग्न सक्ने प्राण घातक संक्रामक जुनोटिक (पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्ने रोग) रेबिज रोगबाट बच्नका निम्ति यस गाउँपालिकाभरि वर्षभरि नै रेबिज रोग विरुद्धको खोप उपलब्ध गराईने छ।
- पशुपालनलाई आयस्रोतको माध्यम बनाउँदै कृषकहरुको आफूले उत्पादन गरेका दुध सहकारी मार्फत विक्रि गरेमा अनुदान प्रदान गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- यस गाउँपालिकाका पशुपालक कृषकहरुको सम्भावित क्षति न्यूनिकरणको लागि पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्दै कृषकले पशु विमा गर्दा लाग्ने कुल रकमको ५०% रकम कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिने छ।
- गाई, भैसि, बङ्गुर र बाख्राको उत्पादन बढोत्तरी गर्न उन्नत नश्लको सिमेन प्रयोग गरी कृत्रिम गर्भधारणको कार्यक्रमलाई निरन्तरता दिईने छ।
- गाई, भैसि, बाख्रा, वुंगुर तथा कुखुरा पालन कार्यक्रमलाई प्रबर्द्धन साथै प्रोत्साहन गरिने छ।

## घ) उद्योग, वाणिज्य तथा नवप्रवर्तन

- **"उद्योगमैत्री वातावरण निर्माण, आत्मनिर्भर अर्थतन्त्रको प्राण"** गाउँपालिकामा उद्योग व्यवसायको प्रबर्द्धन गर्न उद्यममैत्री नीतिको तर्जुमा गरिने छ। पालिकाको उपयुक्त स्थानमा औधोगिक ग्राम स्थापना गर्न ठाउँको पहिचान गरी आवश्यक कार्य अगाडि बढाईने छ।
- गाउँपालिकाभित्र कुनै पनि उद्योग धन्दा स्थापना गर्दा लाग्ने शुल्कहरुमा केही छुट दिने व्यवस्था गरिने छ।
- सार्वजनिक निजी साझेदारी नीतिको अबलम्बन गर्दै निजी क्षेत्रसँगको सहकार्यमा लघुउद्यम तथा साना घरेलु उद्योग सञ्चालनमा जोड दिईने छ।
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरि गाउँमा उद्योगको विकास र विस्तार गरी उत्पादित वस्तु तथा सेवाको बजारका लागि प्रोत्साहनको प्रवन्ध गरिने छ।
- उद्योगका लागि आवश्यक स्थानीय कच्चा पदार्थ उत्पादन र प्रयोगलाई जोड दिईने छ । उद्योगबाट उत्पादित वस्तु बाहिर निर्यात गरेमा लाग्ने शुल्कमा छुटको व्यवस्था गरिने छ।
- हाट तथा बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईने छ । म्याद गुज्रेको, अखाद्य र स्वास्थ्य तथा वातावरणलाई गम्भिर आघात पार्ने वस्तुको विक्री वितरणलाई निरुत्साहित गरिने छ।
- गाउँपालिका क्षेत्रमा संचालित व्यवसायिक फर्म तथा संस्थाहरुको दर्ता तथा नवीकरण कार्यलाई प्रभावकारी बनाईने छ।
- बौद्धिक सम्पतिको सम्मान र संरक्षण गरिने छ। नवप्रवर्तनमा आधारित नवीन कार्यहरुलाई आवश्यक सहयोग र प्रोत्साहन गरिने छ।

## ङ) पर्यटन तथा संस्कृति :

- **"पञ्चकन्याको विकास र समृद्धि, पर्यटकको आगमनमा वृद्धि"** सोच सहित महत्वपूर्ण पर्यटकीय स्थलहरु घ्याङस्वारा पर्यटकीय क्षेत्र, कपिलेश्वर महादेव, कातिकेश्वर, नाटेश्वर, शिद्धेश्वर, राक्क्षेश्वर, चमेरो गुफा, ब्रह्म क्षेत्र, खड्कुले छाँगो, त्रिवेणीधाम, शिवालय, भुमेस्थान, मंगलादेवी मन्दिर, सुन्दरादेवी, ठुलोखोला दुप्चेश्वर मन्दिर, पञ्चकन्या मन्दिर, सप्तकन्या मन्दिर, कालिका मन्दिर लगायतका पर्यटकीय क्षेत्रलाई थप व्यवस्थित र प्रचार प्रसार गरिने छ।
- घ्याङ्स्वारा पर्यटकीय पार्क वरिपरि भईरहेको चिया र ओखरखेतीलाई थप विस्तार र व्यवस्थित गरिने छ । भैसिपालन कार्यक्रमलाई अझ व्यवस्थित गरी आवश्यक प्राङ्गरिक मल आपूर्ति र रोजगारीको सिर्जना गरिने छ।
- घ्याङस्वारा पर्यटकीय क्षेत्रमा रहेको पाहुना घरलाई थप ब्यवस्थित बनाईने छ।
- घ्याङस्वारामा अन्य पर्यटकीय गतिविधिलाई सञ्चालनमा ल्याई पर्यटकलाई आकर्षित गर्न जिपलाइन, साईक्लिङ संचालनको लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- आन्तरिक तथा बाह्य पर्यटकलाई प्रवर्द्धन गर्ने अभिप्रायले घ्याङ्स्वारा पर्यटकीय क्षेत्रमा बुद्धको मूर्ति र वाटर फाउन्टेन समेत भएको आकर्षक पोखरी निर्माणको लागि यसै आ.व. बाट अध्ययन कार्य शुरु गरिने छ।
- नव नवप्रवर्द्धनकारी युवा तथा अन्य उद्यमी र बैदेशिक रोजगारबाट फर्किएका अनुभवी तथा सीपयुक्त उद्यमशील युवाहरुलाई पर्यटन तथा उद्यम व्यवसाय सुरु गर्न प्रोत्साहन गरिने छ। पर्यटन तथा उद्यम व्यवसाय गर्न टोल विकास संस्था मार्फत क्षमता विकासका लागि प्रविधि हस्तान्तरण, वित्तिय पहुँच र बजारीकरणका कार्यक्रमहरु सहज बनाईने छ।
- गाउँपालिकाभित्र रहको पर्यटकीय क्षेत्रहरुमा घरबास (**Home Stay**) कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- लोकल मदिराको ब्रान्डिङ तथा बजार व्यवस्थापन गरी स्थानीयको आर्थिक सुधारमा जोड दिइने छ।
- परम्परागत संस्कार र सांस्कृतिक विविधताको प्रवर्द्धन गर्दै धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासमा जोड दिइने छ।
- नेपाल पर्यटन बोर्ड र तारा गाउँ विकास समितिसँगको सहकार्यमा पर्यटनका थप कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिने छ।
- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विकास, प्रर्वधन र विस्तारको लागि पर्यटन गुरुयोजना निर्माणको थालनी गरिने छ।

- गाउँपालिका भित्र जीवित साँस्कृतिक सम्पदाहरु विभिन्न जातजातिहरुको भाषा, कला, साहित्य, संस्कृति तथा धर्म संरक्षणको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । पालिकाभित्रका सरकारी कार्यालय र विद्यालयमा हप्ताको एक दिन आफ्नो मौलिक पहिरन लगाउने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठमन्दिर, गुम्बा, चर्च, पाटी पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, अन्तिम दाह संस्कार गर्ने स्थान लगायतका सम्पदाहरुको पुर्ननिर्माण तथा संरक्षणलाई निरन्तरता दिईने छ।
- अन्तर पालिकास्तरीय सम्वन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासहरुलाई अनुशरण गरी आफू अनुकूलको हित प्रवर्द्धन गर्न राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा भगिनी सम्बन्ध राख्नको लागि आवश्यक पहल गरिने छ।
- ललितकलाको सीप विकासका लागि ठोस कार्यक्रम तय गरिने छ।

च) **भूमी व्यवस्था तथा सहकारी :**

- भूमी वर्गिकरणको कार्य सकिएको र थप भूमिको व्यवस्थापन गर्न कृषि उत्पादन र बसोबासका लागि जग्गा पहिचान गर्ने कार्य अगाडि बढाईने छ।
- कृषियोग्य जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- गाउँपालिकाको क्षेत्रभित्र पर्ने सार्वजनिक जग्गाको लगत संकलन कार्य अगाडि बढाईने छ। सार्वजनिक जग्गाको अनाधिकृत अतिक्रमणलाई रोक्ने नीति लिईने छ। सार्वनजिक जग्गाको स्वामित्व गाउँपालिकाले लिई उचित उपयोग गरी लाभ लिने कार्यलाई अगाडि बढाईने छ।
- **"एकका लागि सबैः सबैका लागि एक"** को नारालाई मूर्तरुप दिन स्वतः स्फूर्त सहकारीमा आवद्ध हुन प्रेरित गरिने छ। सहकारी क्षेत्रको विकास र प्रर्वद्धन गर्दै उचित व्यवस्थापन मार्फत सहकारीहरुको ब्यवसायीकरणमा जोड दिईने छ।
- गाउँपालिका भित्र रहेका सहकारीहरु तथा वित्तिय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गरिने छ। जसका लागि अनुदान र सहुलियतपूर्ण ऋणका लागि आवश्यक पहल गरिने छ।
- गाउँपालिका भित्र रहेका सहकारीहरुले वार्षिक रुपमा कम्तिमा **"एक सहकारी, एक सामाजिक कार्यक्रम"** गर्नुपर्ने नीति अवलम्बन गरिने छ।
- गाउँपालिकाभित्र रहेका विभिन्न वित्तीय संस्थाहरुले गर्नैपर्ने अनिवार्य दायित्वको **CSR (Community Social Responsibility)** रकमको केही प्रतिशत रकम यस पालिका भित्र कुनै सामाजिक विकास तथा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गराउन पहल गरिने छ।

- गाउँपालिका भित्र रहेका सहकारी संस्थाको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइने छ।
- निक्षेपकर्ताको हित संरक्षण र बचत रकमको लाभ सहित प्राप्तिको सुनिश्चितताका लागि सहकारी संस्थाहरुको संस्थागत सुशासनमा ध्यान दिन जोड दिइने छ।
- गाउँपालिका क्षेत्रभित्र क्रियाशील सबै विषयगत सहकारी संघ-संस्थाहरुसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम र क्रियाकलापहरु सञ्चालन गरी गरिवी निवारण र बेरोजगारी हटाउने कार्यलाई निरन्तरता दिइने छ।
- सहकारीका पदाधिकारीहरु र व्यवस्थापकलाई कोपोमिस तालिम प्रदान गरि सकिएको र आगामी आ.व. मा समेत यसलाई निरन्तरता दिइने छ।
- सहकारी संस्थालाई अनिवार्य रुपमा सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था अनिवार्य गर्दै लगिने छ। सहकारी संस्थालाई दीगो र भरपर्दो बनाउँन एक आपसमा गाभिन प्रोत्साहन गरिने छ।

छ) **श्रम तथा रोजगार :**

- **<u>"कोही भन्दा छैन कम, पञ्चकन्यालाई एक दिन श्रम"</u>** भन्ने नाराका साथ यस गाउँपालिकाका निर्वाचित जनप्रतिनिधीहरु, कर्मचारीहरु, शिक्षक तथा स्वास्थ्यकर्मीहरु, स्थानीय नागरिकहरु, बुद्धिजीविहरु, समाजसेवीहरुलाई प्रत्येक महिनाको अन्तिम शनिवार १ दिन अनिर्वाय विकास निर्माण तथा सामाजिक कार्यमा श्रम गराउने नीति अख्तियार गरिने छ।
- **<u>"श्रमको सम्मान, समृद्ध गाउँ अभियान"</u>** सञ्चालन गर्दै सीपमूलक तालिम दिई स्थानीय स्तरमा हुने सार्वजनिक निर्माण तथा अन्य कार्यहरुमा स्थानीयहरुलाई प्राथमिकता दिई अल्पकालीन रोजगारी सिर्जनामा जोड दिइने छ। बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । गाउँपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुमा उनीहरुलाई पहिलो प्राथमिकता दिईने छ।
- आ.व. ०८२/०८३ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघीय सरकारले राष्ट्रिय रोजगार कार्यक्रमको रूपमा विस्तार गरेसँगै गाउँपालिकामा पनि साझेदारीमा आधारित सामुदायिक आयोजना अगाडि बढाई थप प्रभावकारी ढङ्गबाट कार्यन्वयन गरिने छ ।
- गाउपालिका रोजगार रणनीति, २०८० लाई अध्यावधीक गर्दै लगिने छ।

- संघ तथा प्रदेशद्वारा सञ्चालन हुने रोजगारमूलक कार्यक्रमको दायरा विस्तारमा जोड दिई विविधिकरण गरिने छ। स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगार दिनको प्रत्याभूति गरी आय बढोत्तरी मार्फत गरिवी न्यूनीकरणलाई जोड दिईने छ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न निजि क्षेत्र र सरोकारवाला निकायसँग सहकार्य र समन्वयमा जोड दिईने छ। युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी उद्यमशीलताको विकास गरिने छ। यसका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।
- वैदेशिक रोजगारीलाई विप्रेषणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै लगानीको आधार तयार गरिने छ। वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप, क्षमता र पुँजीको स्थानीयकरण गरी स्वरोजगारको नीति अवलम्बन गरिने छ।
- रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाई वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको समन्वय गर्ने, बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवारलाई लक्षित गरी बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा र रिटर्नी स्वयंसेवक परिचालन कार्यलाई संघ र प्रदेश सरकारसँगको प्रभावकारी समन्वयमा कार्यान्वन गरिने छ।
- वैदेशिक रोजगार बोर्डवाट प्रदान गरिने कल्याणकारी सेवाहरु जस्तैः कामदारको घरपरिवारका सदस्यलाई प्रदान गरिने औषधि उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्धार तथा खोजतलास सेवा, कानुनी प्रतिरक्षा सहायता, हकवालालाई आर्थिक सहायता प्रदान गर्ने, बिरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहायता आदि सेवाहरु बैदेशिक रोजगार बोर्ड संगको समन्वयमा संचालन भईरहेको कार्यलाई थप प्रभावकारी बनाईने छ।
- संघीय सरकारबाट प्राप्त प्रणाली (Id Password) प्रयोग गरी रोजगार सेवा केन्द्रमार्फत कन्सुलर सेवा सञ्चालन गरिने छ।
- विदेशमा रहेका समस्याग्रस्त श्रमिक तथा मृतकका परिवारलाई सहज र छिटो, छरितो सेवा उपलब्ध गराउन आवश्यक समन्वय गरिने छ।
- बेरोजगार व्यक्तिका लागि बैंक तथा अन्य वितिय संस्थाहरुमार्फत सहुलियतपूर्ण ऋण उपलव्ध गराउन आवश्यक पहलकदमी गरिने छ।

## (२) सामाजिक विकास

### क) जनस्वास्थ्य तथा पोषण :

- आ.व. २०८१।८२ मा ९८ प्रतिशत संस्थामा सुत्केरी गराउन सफल भएकोमा यस आ.व. २०८२।८३ मा **"स्वास्थ्य संस्थामा सुत्केरी भएँ उपाध्यक्षज्यू, कोसेलि लिएर आउनु है अण्डा र घ्यू"** को अभियान सञ्चालन गरी यस गाउँपालिकालाई **घरमा बच्चा नजन्माउने** (Zero Home Delivery) गाउँपालिकाको रुपमा घोषणा गर्न **गर्भवति तथा सुत्केरीको साथी उपाध्यक्ष** कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।
- **"हाम्रै स्वास्थ्य संस्थामा छन् स्वास्थ्यकर्मी दक्ष, सुत्केरी गराऔं निर्धक्क"** स्वास्थ्य संस्थाहरुमा संचालित वर्थिङ सेन्टरहरुलाई अत्याधुनिक र सुबिधा सम्पन्न बनाउनुको साथै वर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गरिने छ।
- "जननी जन्मभुमिश्च स्वर्गदपि गरीयसी, चिन्ता लिनु पर्दैन सुत्केरी होस वा गर्भवति" गर्भवति महिलाहरुको लागि प्रत्येक महिना यस गाउँपालिकाको विभिन्न **९ वटा स्वास्थ केन्द्र** बाट प्रदान गर्दै आईरहेको निःशुल्क क्याल्सियम चक्की बितरण, रगत-पिसाब जाच र भिडियो एक्सरे सेवालाई थप प्रभावकारी र सहज बनाउन थप गरी अव उप्रान्त **१० वटा स्वास्थ केन्द्र** बाट प्रदान गरिने छ। गर्भवती महिलाहरुको निःशुल्क थाईराईड जाँच सेवा विस्तार गरिने छ।
- **"Don't worry सुत्केरी, रेफर गर्नु परे केही गरी"** वर्थिङ सेन्टरमा सुत्केरी गराउनको लागि पालिका भित्र बसोवास गर्ने नागरिकलाइ वर्थिङ सेन्टरमा एक पटकको लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइने छ र पालिकाको वर्थिङ सेन्टरबाट हायर सेन्टरमा रेफर गर्नु परे एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइने छ।
- नागरिकको आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ र सुरक्षित गर्ने अभियानमा रहेको पञ्चकन्या गाउँपालिकामा निर्माण सम्पन्न गरी पालिकालाइ हस्तान्तरण भइसकेको १० शैयाको अस्पताल बाट छिटो भन्दा छिटो चिकित्सकीय सेवा प्रदान गर्ने व्यवस्था मिलाई नागरिक स्वास्थ्य बीमा कार्यक्रमलाइ सहज र प्रभावकारी बनाउन **"म स्वस्थ, मेरो गाउँपालिका स्वस्थ्य"** कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयनलाई प्राथमिकता दिईने छ।
- विपन्न तथा सीमान्तकृत परिवारका नागरिकहरुलाई जटिल प्रकृतिका रोगहरू क्यान्सर, मृगौला, कलेजो तथा मुटुका रोगहरुको उपचारमा पालिकाबाट भईरहेको आर्थिक सहयोगलाई निरन्तरता दिईने छ।

- गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गरी सकिएको हुदाँ सो को निरन्तरताको लागि **"मैले मेरो बच्चालाइ पुर्ण खोप लगाए, तपाइको बच्चालाइ नी ?"** सामुदायिक प्रतिबद्धता सहितको अभियान संचालन गरिने छ।
- वाल मृत्युदर तथा मातृ मृत्युदर घटाई ५ वर्ष मुनिका बालबालिकाहरुमा पोषण स्थिती सुधार गर्न आमा समूहहरुलाई सक्रिय बनाईने छ।
- युवा, युवती तथा अन्य उमेर समुहको लागि सरुवा रोगहरु तथा नसर्ने रोग नियन्त्रणका कार्यक्रम लगायत गाउँघर क्लिनिक संचालन कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाईने छ।
- **"स्वास्थ्यमा हुन्छ धैरै हानी, नसुधारे खानपान र आनीबानी"** उग्ररुपमा बढिरहेको मधुमेह, उच्च रक्तचाप, श्वास प्रश्वास रोग तथा थाईराईड जस्ता नसर्ने रोगहरु नियन्त्रण गर्न १० वटै स्वास्थ्य संस्थामा सुगर किट, युरिस्टीक उपलब्ध गराउनुका साथै विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ र फागुन महिनालाइ नसर्ने रोग पहिचान महिनाको रूपमा मनाइने छ।
- **"पञ्चकन्या सम्बृद्ध बन्दै छ, बा—आमा सञ्चै छ?"** अभियान सञ्चालन गरी जेष्ठ नागरिकहरुलाई घरमै गई जेष्ठ नागरिक घरदैलो स्वस्थ्य जाँच तथा उपचार कार्यक्रम सञ्चालन गरिने छ।
- देशका ठुला निजी तथा सरकारी अस्पताल सँग समन्वय गरेर निःशूल्क स्वास्थ्य शिविरहरू सञ्चालन गरिने छ।
- स्वास्थ्य क्षेत्रका मेरुदण्डका रुपमा स्थापित राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई उच्च मनोबलका साथ समुदायमा काम गर्न प्रेरित गर्ने उद्देश्यले स्वयंसेविकालाई उत्प्रेरणा कार्यक्रम अन्तर्गत सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रुपमा उत्प्रेरणा स्वरुप प्रदान गर्दै आइरहेको कार्यलाई निरन्तरता दिईने छ। साथै महिला स्वास्थय स्वयंसेविका महासंघका सिफारिसको आधारमा गाउँकार्यपालिकाले तयार गरेको कार्यविधि अनुसार सम्मानजनक विदाई कार्यक्रमलाई निरन्तरता दिईने छ।
- **"जन्मेको दुई वर्ष भित्र ८० प्रतिशत विकास हुन्छ दिमागको, प्रत्येक महिनाको वृद्धि अनुगमनले मुहार फेर्छ समाजको"** प्रत्येक महिना बच्चाको वृद्धि अनुगमनकोलागि बच्चा लिएर आउदा बच्चाको आमा तथा अभिभावकलाई १ प्याकेट आयोनुन संगै स्वास्थ्यकर्मी सँग पोषण परामर्श गर्न रु. **पचास** को रिचार्ज कार्ड उपलब्ध गराउन **"बच्चा जोख्नुस, स्वास्थ्यकर्मी सँग पोषण परामर्श लिनुस"** कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै बच्चाको वृद्धि अनुगमन गराउने

क्रममा २२ पटक वा सो भन्दा बढी वृद्धि अनुगमन भएको बच्चाको परिवारलाइ सम्मान पत्र सहित रू. ५००/- नगद प्रदान गरिनेछ र पालिकालाइ कुपोषण रहित पालिका घोषणा गरिने छ ।

- **बालमैत्री सुशासन पालिका** घोषणा गर्न स्वास्थ्यले पुरा गर्नुपर्ने सम्पुर्ण सूचकहरूलाई पुरा गरी पालिकालाइ बालमैत्री सुशासन पालिका घोषणा गरिने छ।
- मोतियाविन्दुको निःशुल्क अप्रेशन शिविरलाई निरन्तरता दिईने छ।
- आयुर्वेदिक प्राकृतिक चिकित्सा, योग घरेलु चिकित्सा पद्धति सहितको एकिकृत स्वास्थ्य सुधारका कार्यक्रम सञ्चालन गरिने छ।

## ख) शिक्षा तथा सीप विकास :

- **"Clean School, Green School"** कार्यक्रमलाई निरन्तरता दिदै विद्यालय परिसरमा बिरुवा रोपण कार्य गरी विद्यालय वातावरण मनमोहक र हराभरा बनाईने छ।
- **"सीप सिक्दै, उब्जाउँदै, खाँदै"** कार्यक्रमलाई जोड्दै **"एक विद्यालय, एक टनेल"** अभियान सञ्चालन गरी दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोड्दै दिगोपना दिईने छ। पढाईसँगै विद्यार्थीमा कृषि उत्पादन सीपको विकासमा जोड दिँदै विद्यालयको दिवा खाजामा स्थानीय उत्पादनलाई जोड दिई दिवा खाजामा खर्च हुने रकमलाई स्थानीय कृषकसमक्ष पुऱ्याउँने नीति लिइने छ।
- सामुदायिक विद्यालय पनि अङ्ग्रेजी भाषा सिकाइ मैत्री छन् भन्ने बुझाईको विकास गर्न कक्षा १-१० का सबै कक्षामा गणित, विज्ञान, लगायतका केही विषयमा अङ्ग्रेजी र नेपाली दुवै माध्यमका पाठ्यपुस्तक वितरण गर्दै द्विभाषिक र बहुभाषिक माध्यमको पाठ्यपुस्तक मार्फत भाषिक सक्षमताको विकास गर्ने नीतिलाई निरन्तरता दिइने छ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको सुरक्षालाई ध्यानमा राखी सबै विद्यालयमा सुरक्षित विद्यालय परिसर र घेराबार निर्माणको नीति लिईने छ।
- बालविकास कक्षामा अध्ययनरत वालबालिकाहरुका लागि सिकाइमा अभिवृद्धि गराउन बालविकास केन्द्रको सञ्चालन र व्यवस्थापनको लागि अनुदान तथा सामग्री खरिदका साथै ECD Corner को स्थापना गरि सञ्चालन गरिने छ।

- सामुदायिक विद्यालयमा रहेका तालिम प्राप्त दक्ष अनुभवी शिक्षक र नवप्रवेशी शिक्षकहरुको अनुभव साटासाट तथा क्षमता अभिवृद्धिको लागि Teacher Exchange Program र पालिका स्तरमा विषयगत शिक्षकहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिने छ।
- शिक्षण सिकाइमा भइरहेका नवप्रवर्तनलाई आन्तरिकीकरण गर्न बागमती प्रदेश सरकार, विभिन्न गैरसरकारी संघ सस्थासँगको सहकार्यात्मक साझेदारीमा शिक्षण सुधार कार्यक्रम सुधार गरी अनिवार्य र गुणस्तरीय शिक्षालाई जोड दिईने छ।
- सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाई शिक्षण सिकाइमा यसको सघन प्रयोग मार्फत विश्वपरिवेश सुँहाउदो शिक्षण प्रविधिलाई आत्मसात् गरी विद्यार्थीहरुलाई सूचना प्रविधिप्रति आकर्षित गर्न सामुदायिक विद्यालयहरुमा Internet, SmartBoard लगायतका प्राविधिक उपकरण उपलब्ध गराई प्राविधिक सीप विकास मार्फत Digital साक्षरताको बढोत्तरी गरिने छ। साक्षरता कार्यक्रमलाई साझेदार संस्थाहरुको सहकार्यमा थप सवलीकरण गरिने छ।
- गाउँपालिका भित्र अध्ययनरत विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रष्फुटन र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न पालिकास्तरीय शैक्षिक तथा विज्ञान प्रदर्शनी, बाल प्रतिभा महोत्सव लगायतका अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन गरिने छ।
- विद्यालय, विद्यार्थी र जनप्रतिनिधिको बीचमा सुमधुर सम्बन्ध स्थापित गरि शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तर्क्रियाको माध्यमबाट विद्यालयमा अध्यक्षसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिने छ।
- अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ कार्यसमितिका पदाधिकारी र प्रधानाध्यापकहरुको नेतृत्व क्षमता विकास मार्फत संस्थागत क्षमता अभिवृद्धिको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
- मूल्याङ्कन पद्दतिलाई थप व्यवस्थित, व्यवहारिक र स्तरीकृत बनाई आधारभूत तह कक्षा ५ को वार्षिक परीक्षा र कक्षा ८ उत्तीर्ण परीक्षा गाउँपालिका स्तरमा सञ्चालन गरी सिकाइ नतिजाप्रति शिक्षक र विद्यालयको जिम्मेवारीबोधलाई सबल बनाउने नीति लिइने छ।
- विद्यालयको दैनिक समय तालिकालाई पाठ्यक्रमले निर्देश गरेबमोजिम प्रत्येक विषयमा तोकिएको पाठ्यघण्टा पूरा हुनेगरी परियोजना तयार गरी प्रयोगात्मक सिकाइका लागि अनुकूल बनाउँन आवश्यक देखिन्छ। विद्यालयमा पट्यारलाग्दो सैद्धान्तिक र कोरा पढाइलाई

रुपान्तरण गरी रसपूर्ण, रोमाञ्चक ढङ्गले व्यवहारिक, प्रयोगात्मक सिकाइमा जोड दिई विद्यालयहरुमा प्रत्येक महिनाको एक हप्ता परियोजनागत एवम् प्रयोगात्मक सप्ताह सञ्चालन गर्ने नीति लिइने छ। शैक्षिक सामग्रीसहित परियोजनागत/प्रयोगात्मक शिक्षण गराउने शिक्षकलाई बर्गिकरणसहितको प्रोत्साहन गरिने छ।

- गाउँपालिकाको आन्तरिक आयलाई विशेष ध्यान दिई बालविकास सहजकर्ता विद्यालय कर्मचारीको लागि नेपाल सरकारले उपलब्ध गराउने पारिश्रमिकमा गाउँपालिकाबाट थप गरी पारिश्रमिक उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ।
- आधारभूत तह (कक्षा ५ र ८) उतीर्ण सहित SEE परीक्षा र SLCE परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी, विद्यालय तथा बिषय शिक्षकलाई पुरस्कृत र सम्मान गरिने छ।
- स्थानीय विषयवस्तु र भूगोललाई समेटेर गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माण गरि परीक्षणको रुपमा शै.स. २०८१ देखि लागु भएको कक्षा १-८ को स्थानीय विषय पञ्चकन्या सेरोफेरोको पाठ्यक्रमलाई थप परिमार्जन गरी सिकाइलाई सवलीकरण गर्न थप सन्दर्भ सामग्रीको विकास गरिने छ। घुम्ती शिक्षकको अवधारणालाई कार्यान्वयन गरिने छ।
- गाउँपालिकाको समग्र शैक्षिक सुशासन र व्यवस्थापन गर्न शिक्षा ऐन निर्माण भएकोमा सो सम्बन्धि नियमावली र कार्यविधिको तर्जुमा आ.व. ०८२|०८३ मा तयार गरिने छ।
- माध्यमिक तह उत्तीर्ण गर्ने दलित, आर्थिक रुपले विपन्न परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षाको लागि आवश्यक सहयोग स्वरुप छात्रवृत्ति उपलब्ध गराउन **"विपन्न, दलित र टुहुराको अध्यक्ष सहारा"** कार्यक्रम सञ्चालन गरिने छ।
- सामुदायिक विद्यालयमा रहेको राज्यकोषबाट सुविधा उपभोग गर्ने नागरिकले निजका सन्तानलाई सामुदायिक विद्यालयमा अध्ययन गराउँन अभिमुख गर्ने नीति लिई कार्यान्वयनमा लगिने छ।
- कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत विद्यार्थीका लागि जीवनउपयोगी सीप सम्बन्धी विशेष कक्षा सञ्चालन गरी क्षमता विकासलाई जोड दिईने छ।
- <u>**"जहाँ विद्यार्थी, त्यहाँ विद्यालय"**</u> को अवधारणाअनुरुप उपलब्ध विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन एवम् विद्यालयमा शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान तथा समायोजन गरिने छ। विद्यालयहरुको मौजुदा शिक्षक संख्या लाई आधार मानी शिक्षा ऐन, नियमावलीले निर्धारण गरेका शिक्षक दरवन्दी अपूग भएका र विशेष आवश्यकता भएका

विद्यालयहरुलाई आवश्यकताका आधारमा स्वयंसेवक शिक्षक र बिशेष अनुदानको व्यवस्थापन गरिने छ।

- गाउँपालिका भित्रका शिक्षक, कर्मचारी, विद्यार्थीहरुले **"आ-आफ्नो परम्परा र धर्म संस्कृति झल्किने, मौलिक पहिचान खुल्ने"** जाति, धर्म परम्पराअनुसारको पहिरन प्रयोगमा ल्याउने नीति लिईने छ।
- विद्यालयको जिन्सी सामग्रीको अभिलेख र लेखा प्रणालीलाई व्यवस्थित र वैज्ञानिकीकरणमा जोड दिईने छ। जसका लागि आवश्यक तालिमको व्यवस्था गरिने छ। गाउँपालिकाबाट समय समयमा निरीक्षण साथै चौमासिक रुपमा सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण गरिने व्यवस्था मिलाईने छ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि प्रधानाध्यापक नियुक्ति गर्दा शैक्षिक योग्यता, व्यवसायिकता, पेशागत दक्षता तथा प्रशासकीय कार्यकुशलतालाई आधार लिई प्रतिस्पर्धाको माध्यमबाट गरिने छ।
- **"१ महिना १ दिन, विद्यालयमा जनप्रतिनिधि एकै छिन"** कार्यक्रम सञ्चालन गरी पालिका भित्रका सबै विद्यालयमा कम्तीमा १ दिन जनप्रतिनिधिहरुको अनुगमन तथा निरीक्षणको व्यवस्था गरिने छ। कार्यजिम्मेवारीलाई ईमान्दार सम्पादन गरी सकारात्मक नतिजा दिन गाउँपालिकाले विद्यालयका प्र.अ. र प्र.अ ले शिक्षक/ कर्मचारीसँग प्रत्येक वर्ष कार्य विवरण सहित कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्थालाई अनिवार्य गरिने छ। जसबाट शैक्षिकस्तर सुधारको आशा गरिएको छ ।

**(ग) खानेपानी तथा सरसफाई**

- **"स्वच्छ र सफा पिउने पानीः स्वस्थ जिन्दगानी"** लाई सफल पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा **"एक घर, एक धारा"** को नीति अनुरुप स्वच्छ र सफा पिउने पानी लाई उच्च प्राथमिकता साथ अगाडी बढाईने कार्यलाई निरन्तरता दिईने छ।
- खानेपानीको मुहान संरक्षण गरी सुरक्षित खानेपानीको लागि मुहान वरिपरि वृक्षारोपण र तारजाली लगाई सुरक्षित गरिने कार्य सञ्चालन गरिने छ। मुहान दर्ता र अभिलेखिकरणलाई व्यवस्थित गरिने छ।
- गाउँपालिका भित्रका खानेपानीको अभाव पहिचान गरी आधारभूत रुपमा खानेपानीको सुनिश्चित गर्न मुहानको पहिचान गरी सुरक्षित खानेपानीको प्रवन्ध गरिने छ।
- वर्षातको पानी संकलन गरी जमिनमुनी जल पूनःर्भरण गर्न रिचार्ज पोखरी निर्माणको कार्यलाई अगाडि बढाईने छ।

- **<u>“पञ्चकन्याको शान, पूर्ण सरसफाई युक्त पालिका हाम्रो अभियान”</u>** भन्ने मुल नाराका साथ वडा तथा पालिका स्तरमा सरसफाईका विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।
- खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, व्यक्तिगत सरसफाईमा ध्यान दिँदै फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र टोल बस्तीको सरसफाईमा ध्यान दिई वातावरणीय सफाईमा ध्यान दिन आवश्यक जनचेतना जगाउँन कार्यक्रम सञ्चालन गरिने छ।
- संघीय सरकार र प्रदेश सरकार वाट प्राप्त हुने विशेष अनुदानलाई खानेपानी आयोजना निर्माण तर्फ केन्द्रित गर्दै खानेपानी र सरसफाईलाई उचित ध्यान दिईने छ।
- बहुवर्षिय खानेपानी आयोजना सञ्चालन गर्न विभिन्न गैरसरकारी संस्थाहरुसँगको समन्वय र सहकार्य गरी आर्थिक तथा प्राविधिक स्रोतको खोजी गरिने छ।
- वातावरणीय तथा पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक नीति लिईने छ ।
- गाउँपालिका भित्र उत्पादन हुने फोहरमैलाको स्रोतमै फोहोर छुट्याई उचित व्यवस्थापन गर्न आवश्यक नीति लिइने छ ।
- उपभोक्ता र खानेपानी उपभोक्ता समितिहरुलाई पर्यावरणीय स्वच्छता तथा सरसफाई प्रति उत्तरदायी बनाइने छ ।
- गाउँपालिका भित्र सञ्चालित क्रमागत बहुबर्षे खानेपानीका योजनाहरुलाई समयमै यथाशीघ्र सम्पन्न गर्न आवश्यक कदम चालिने छ।

**घ) महिला,वालवालिका र सामाजिक संरक्षण :**

- **<u>“पञ्चकन्याको बालक, भविस्यको सम्बृद्धिको चालक”</u>** भन्ने नाराका साथ बालअधिकार तथा बाल संरक्षणका लागि स्थानीय बाल अधिकार समिति र बाल क्लवहरु मार्फत विविध कार्यक्रम सञ्चालन गरिने छ।
- बालबालिका पुनःस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना तथा सञ्चालन गर्न संघ तथा प्रदेश सरकार संग आवश्यक पहल गरिने छ।
- गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने कार्य अगाडि बढेकोले आवश्यक मापदण्ड पूरा गर्न पहल गरिने छ। प्रत्येक वडामा **<u>“एक वडा, एक उद्यान”</u>** बनाउने कार्य अगाडि बढाईने छ।
- **<u>“बालबालिकामा लगानी बढाऔ, भविश्यका कर्णधारलाई फुलाऔं”</u>** सोचको विकास मार्फत बालमैत्री स्थानीय शासन अनुकूल बजेटको व्यवस्थापन गरि कार्यक्रम सञ्चालन गरिने छ।
- बाबु आमा बिहिन टुहुरा बालबालिका संरक्षण कार्यक्रम विभिन्न गैरसरकारी संस्थासँगको सहकार्यलाई निरन्तरता दिई सञ्चालन गरिने छ।

- बालविवाह, बहुविवाह, दाइजोप्रथा, जातीय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा तथा सामाजिक कुरीति, कु-संस्कार एवं रुढीबादी परम्पराको अन्त्य गर्न सामाजिक तथा सास्कृतिक सुधार कार्यक्रमलाई बालक्लव मार्फत सञ्चालन गरिनेछ।
- **"हामी अझै सानै छौं बढन देउ, बिबाह होइन लेख्न र पढ्न देउ"** भन्ने अभियानका साथ बालविवाह विरुद्धको कार्यक्रम सञ्चालन गरिने छ।
- **"वडा अध्यक्षहरुसंग अपाङ्ग वालवालिका कार्यक्रम"** संचालन गरिने छ।
- किशोरीहरुको वहुआयामिक विकास आत्मनिर्भरताका लागि जीवन उपयोगी सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- एकल महिला लक्षित जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई अपांगताको प्रकृति अनुसारको परिचयपत्र वितरण गरी सीपमूलक तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- आर्थिक अवस्था कमजोर भएका फरक क्षमताका अभिभावकको छोरा छोरी तथा विद्यार्थीहरुमा शैक्षिक सहयोग र छात्रवृत्ति प्रदान गरिने छ।
- गाउँपालिका भित्र महिला हिंसा लगायत जुनसुकै हिंसा दण्डनीय हुने भएकोले त्यस्ता हिंसाजन्य कार्य भएमा कानून बमोजिम हुने कारबाहीलाई कडाई गरिने छ। र, हिंसा न्यूनीकरणका लागि आवश्यक सचेतना कार्यक्रम ल्याईने छ।
- महिलाहरुलाई स्वावलम्बी बनाउन आवश्यक सीप बिकासका कार्यक्रम ल्याईने छ।
- महिलाहरु भान्छा र खेतीमा मात्र सीमित नगरीकन प्रतिस्पर्धात्मक क्षमता विकास र सशक्तीकरण गरी नेतृत्व विकास गर्न विविध कार्यक्रम सञ्चालन गरिने छ।
- लैङ्गिक उत्तरदायि बजेट तर्जुमा गरि लैङ्गिक समानता, सामाजिक न्याय र सामाजिक समावेशीकरणको नीतिलाई मूलप्रवाहीकरण गरिने छ।
- लैङ्गिक तथा यौनजन्य दुर्व्यहार निवारणका लागि आचारसंहिता पूर्ण पालना गरि कुनै पनि कार्यालय वा सार्वजनिक स्थलमा हुने यौनजन्य दुर्व्यहारहरु न्यूनिकरणका लागि पहल गरिने छ।
- **जेष्ठ नागरिक सञ्जाल गठन** गरी उनीहरुको सीप, क्षमता र ज्ञान पालिकाको सर्वाङ्गीण विकासमा उपयोग हुने वातावरण निर्माण गरिने छ।
- बाल दिवस, नारी दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता दिवसीय कार्यक्रमहरु सञ्चालन गरि आवश्यक जनचेतना जगाईने छ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, आदिवासी जनजाति, दलितको उत्थान तथा सीमान्तकृत समुदायको अधिकार, समन्यायिकता, सेवा सुविधा, क्षमता विकास

र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(ङ) युवा तथा खेलकुदः**

- “पञ्चकन्या गाउँपालिकामा **"मनोरञ्जनका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद"** भन्ने मुलनाराका साथ गाउँपालिकास्तरीय **"चेयरमेन कप भलिबल प्रतियोगिता"** लाई निरन्तरता दिइने छ। अन्तर विद्यालय पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइने छ।
- **"एक वडा एक खेल मैदान"** निर्माणको अवधारणा आत्मसात् गरी खेलकुद मैदान निर्माण कार्यक्रम सञ्चालन गरिने छ। पालिकास्तरीय खेलमैदान निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ।
- गाउँपालिकाभित्रका युवाहरुलाई खेलकुद क्षेत्रमा क्रियाशील गराउन विविध खेलकुद कार्यक्रमको आयोजना गरि खेल सहभागिताको लागि अभिमुख गरिने छ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरुको रचनात्मक सिर्जनशिलता विकासको लागि युवा क्लवहरुलाई आवश्यक सहयोग गरिने छ।
- खेलकुद क्षेत्रको विकासको लागि पालिकास्तरीय खेलकुद समिति गठन गरी क्रियाशील बनाईने छ।
- यस पालिकाको घ्याङ्स्वारामा कवर्ड हल निर्माण गर्न प्रदेश र संघ सरकारसंग आवश्यक पहल र सहकार्य गरिने छ।

**३) पूर्वाधार विकास**

**क) वस्ती विकास, आवास तथा भवन :**

- **"विकासको मुख्य आधारः दिगो पुर्वाधार"** भन्ने अभियान लाई सार्थक वनाउन नीतिगत, कानूनी तथा संस्थागत क्षमता विकास गर्दै लगिने छ।
- गाउँपालिका क्षेत्रमा **नयाँ घर निर्माण गर्दा नक्सापास सहित, भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२** लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिने छ।

- **"घर घरमा सडक होईन, सडकमा घर"** नारा आत्मसात् गर्दै वस्ती एकीकरण गर्दै लाने नीति अख्तियार गरिने छ। गाउँपालिका भित्र रहेका ग्रामीण क्षेत्रलाई क्रमिक रुपमा विकासका पूर्वाधारहरुले यथेष्ट व्यवस्था गरिने छ।
- गाउँपालिकाको केन्द्र रहेको क्षेत्र लाँकुरीभन्ज्याङ, घलेभन्ज्याङ, बानीयाटार, सहरेटार, बुढासेरा आसपास लगायत गाउँपालिका क्षेत्रभित्र बस्ती बढिरहेको अन्य उपर्युक्त स्थानहरुको पहिचान गरि भविष्यमा बस्ति विकास हुँदै जाने सम्भावनालाई मध्यनजर गर्दै यस क्षेत्रको योजनाबद्ध विकासको लागि एकिकृत शहरी विकास योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ ।
- पञ्चकन्या गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको अभिलेख तयार गरिने छ साथै अतिक्रमित सार्वजनिक जग्गा खाली गराईने छ।
- भवन निर्माणलाई व्यवस्थित गर्न **गाउँपालिकाको भवन निर्माण आचारसंहिता** आ.व. ०८२/८३ भित्र सम्पन्न गरिने छ। साथै, व्यवस्थित शहरीकरणलाई प्राथमिकता दिई सोही बमोजिम गुरुयोजना निर्माण गरी अघि बढिने नीति अख्तियार गरिनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवनको नक्सापास गर्न र बिमा प्रक्रियामा लैजाने सम्बन्धमा आवश्यक पहलकदमी लिइने छ।

**ख) स्थानीय सडक, निर्माण तथा मर्मत :**

- गाउँपालिकाको सडक गुरुयोजना अनुरुप सडकको स्तर विभाजन गरि दिगो र भरपर्दो सडक सञ्जाल विस्तार कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।
- हालसम्म ट्र्याक निर्माण भएका वडा स्तरका मुख्य तथा सबै शाखा सडकहरुको मापदण्ड अनूरुपको स्तरोन्नति गर्रिदै लगिने छ।
- गाउँपालिका केन्द्रदेखि वडा कार्यालयसम्म जोड्ने सडकको स्तरोन्नतिलाई प्राथमिकता दिईने छ।
- हरित सडकको अवधारणा अनुसार सडक किनाराहरुमा उपभोक्ताहरुको सहभागितामा वृक्षारोपण गर्ने कार्य अगाडि बढाइने छ।
- ग्रामिण सडकहरुको स्तरोन्नति गर्दा अनिवार्य रुपमा पक्की नाली निर्माण गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ।
- ग्रामिण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड तयार गरि सवै सडकहरुको लगतकट्टा गर्न पहल गरिने छ।
- खोला तथा खोल्साहरुमा पहिचान गरी झोलुङ्गे पूल निर्माणलाई निरन्तरता दिईने छ। जसका लागि प्रदेश सरकार र संघ सरकारसँग आवश्यक पहल र सहकार्य गरिने छ।

- निर्माण भइसकेका झोलुङ्गे पूलहरुमा हेरालुको प्रबन्ध गरी नियमित मर्मत संभारको व्यवस्था गरिने छ।

## ग) विद्युत तथा वैकल्पिक उर्जा :

- विद्युतीकरणको आवश्यकता हेरी विद्युत प्रसारण लाईन विस्तार तथा ट्रान्समिटरको क्षमता बृद्धिमा आवश्यक पहल गरिने छ।
- गाउँपालिका क्षेत्रका महत्वपूर्ण सार्वजनिक स्थान र चोकहरुमा सौर्य वत्ति तथा बिजुली बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ। यसबाट चोरी, डकैती तथा लुटपाटका घटनामा कमी आउने विश्वास लिएको छु।
- गाउँबासीलाई सौर्य उर्जा, गोबर ग्यास लगायत वैकल्पिक उर्जाको उत्पादन र प्रयोगलाई प्रोत्सान गरी दिगो उर्जा गाउँपालिका अभियान सञ्चालन गरिने छ।

## घ) सञ्चार तथा सूचना प्रविधि :

- यस गाउँपालिकाको विकास, उन्नति र प्रगतिका विषयमा उत्कृष्ट समाचार सम्प्रेषण गर्ने सञ्चार माध्यमलाई प्रोत्साहित र सहयोग गरिने नीति लिईने छ। यस गाउँपालिकावाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी वनाउन प्रयोग गरिने विभिन्न सन्देशमूलक विज्ञापन, पोस्टरिङ, सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम साथै यस गाउँपालिकाको केन्द्रीय कार्यालय, सम्पुर्ण विषयगत शाखा र वडा कार्यालयबाट प्रकाशित हुने सन्देश, शुभकामना लगायत सूचना सामाग्रीहरुको छपाई तथा प्रसारण गर्ने सञ्चार माध्यमहरुलाई सूचिकृत गरि गाउँपालिकाले अख्तियार गर्ने नीति र राष्ट्रिय नीति अनुरुप रकम उपलब्ध गराउने गरि आवश्यक रकम विनियोजन गरिने छ।
- नेपाल टेलिकम लगायत अन्य सेवा प्रदायकसँगको सहकार्यमा यस पालिकाको ग्रामीण क्षेत्रका सबै स्थानमा गुणस्तरीय मोबाइल फोन तथा ईन्टरनेट सेवाको सुनिश्चितता लागि पहल गरिने गरिने छ।
- गाउँपालिका र सबै वडाहरुलाई सञ्चार तथा सूचना प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा आवश्यक दक्ष जनशक्ति तथा सञ्चार पूर्वाधार ब्यवस्थापनलाई निरन्तरता दिईने छ ।
- युवा पुस्तालाई सक्षम, सबल र क्षमतावान बनाउनका लागि सञ्चार तथा सूचना प्रविधिको सीप विकास, उपयोग, यसका चुनौती र दुरुपयोग गर्दा हुने हानी नोक्सानी, अब्ठ्यारा साथै साईबर अपराधको सम्बन्धमा आवश्यक जानकारी प्रदान गरिने छ।

- गाउँपालिकाबाट प्रवाह हुने शासन व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहका सम्बन्धमा हुने गुनासोलाई सञ्चार तथा सूचना प्रविधिको माध्यमबाट संकलन र समाधानको प्रयास गरिने छ। साथै आम नागरिकलाई सु-सूचित बनाउन आवश्यक व्यवस्था मिलाईने छ।
- गाउँपालिकाको हरेक गतिविधिलाई जनतासम्म पुऱ्याउन गाउँपालिकाको पहलमा १०० वाट क्षमताको स्थानीय रेडियो (एफ.एम). सञ्चालनमा ल्याउन आवश्यक कार्य गरिने छ।
- जनप्रतिनिधि र कर्मचारीहरुलाई सञ्चार तथा सूचना प्रविधिको आवश्यक ज्ञान र सीप विकास गराउन तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ।
- गाउँपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सबै गतिविधिलाई विद्युतीय माध्यममा आवद्ध गरी डिजिटल नेपाल फ्रेमवर्कको राष्ट्रिय आकांक्षालाई सहयोग हुने गरी E-Governance को अवधारणालाई आत्मसात् गरिने छ। यसबाट पालिका र अन्तर्गतका सबै गतिविधिहरु क्रमशः Paperless, Faceless र Cashless बनाउँदै लगिने छ ।

## (४) वन तथा वातावरणः

### क) वन, हरियाली तथा जैविक विविधता :

- गाउँपालिका क्षेत्रभित्र रहेको सरकारी तथा सामुदायिक बनको संरक्षण, सम्बर्द्धन तथा उपयोगलाई व्यवस्थित गर्न उपभोक्ता समितिहरुलाई थप क्रियाशिल हुन प्रेरित गरिने छ।
- गाउँपालिका भित्र रहेका खाली सार्वजनिक जग्गाहरुमा वृक्षारोपण कार्य अगाडि बढाइने छ । अध्ययन गरी उत्पादन सम्भाव्य जडिबुटी विकास कार्यक्रम तथा भू-संरक्षण कार्यक्रम सञ्चालन गरिने छ।
- डढेलो, बन जंगल फडानी लगायत वन विनास प्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइने छ ।
- सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गरी सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा पहिरो रोकथामको आवश्यक पूर्वाधार निर्माण तथा अन्य उपाय अवलम्बन गरी क्षति न्यूनीकरण गर्ने उपाय अबलम्बन गरिने छ।
- उपभोक्ता समिति र उपभोक्ताहरुलाई विपद् सम्बन्धी आवश्यक ज्ञानको अभिवृद्धि गरी विपद् व्यवस्थापनमा जिम्मेवार र जवाफदेही बनाईने छ।

ख) **भू-संरक्षण, जलाधार व्यवस्थापन :**

- वृक्षरोपण र तारवार लगाई गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्ने तथा पानी भकारी (प्लाष्टिक पोखरी) निर्माणका लागि आवश्यक योजना सञ्चालन गरिने छ।
- भिरालो भूवनोटका कारण हुनसक्ने बाढि पहिरो, भू-क्षय जस्ता प्रकृतिक प्रकोपको जोखिम लाई न्यून गर्न दिगो भू-संरक्षण नीति अवलम्वन गरिने छ।
- भूमिगत पानीको मुहान, कुवा, पोखरी लगायत पानीको स्रोतको उचित संरक्षण गर्ने नीति लिईने छ।

ग) **वातावरण तथा फोहोरमैला व्यवस्थापन :**

- **"सफा र सुन्दर पञ्चकन्या, हराभरा र स्वच्छ पञ्चकन्या"** भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरु सञ्चालन गरिने छ।
- फोहोरमैला व्यबस्थापन सम्बन्धी नीतिको तर्जुमा गरिने छ। अन्य आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।
- प्लाष्टिक जन्य वस्तु वातावरणीय दृष्टिकोणमा हानिकारक हुन भन्ने कुराको जनचेतना अभिवृद्धि गरी यसको प्रयोगमा कडाई गर्दै लगिने नीति लिईने छ। यसको विकल्पमा कपडा जन्य तथा कागज जन्य झोलाहरुको प्रयोगलाई प्रोत्साहित गरिने छ।
- घर आँगनबाट उत्पादन फोहरको पहिचान गरि स्रोत मै फोहोरको पहिचान गरी छुट्याई सड्ने फोहरलाई आफ्नै घरबारीको मल खाडलहरुमा व्यवस्थित गर्ने र अन्य नगल्ने फोहरहरुलाई मोहरमा परिणत गर्न सकिने कार्यनीति अबलम्बन गरिने छ।
- सार्वजनिक स्थानमा फोहोर गर्ने कार्यलाई निरुत्साहित गरिने छ। यदि गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरिने नीति लिईने छ।

घ) **विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन :**

- विपद ब्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ। कोषको रकम बृद्धि गरि विपद् व्यवस्थापनमा प्रभावकारी काम गर्न विपद् क्षेत्रमा काम गर्ने गैह्रसरकारी संघ-संस्थाहरुसंगको सहकार्यलाई निरन्तरता दिईने छ।

- सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाका सबै वडा, मुख्य चोक र स्थानहरुमा प्राकृति प्रकोप जनचेतना जागृत गर्ने सन्देशमूलक वोर्ड राख्ने कार्यक्रम सञ्चालन गरिने छ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउँन विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र विपद् पुनःलाभ जस्ता सबै चरणहरुमा जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति, केन्द्रीय विपद् व्यवस्थापन समितिल लगायत सम्पूर्ण सुरक्षा निकाय तथा सरोकारवालाहरुको सहकार्यलाई जोड दिईने छ।
- गाउँपालिकाका सडक निर्माण लगाएतका विकास निर्माण कार्य सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङकन (EIA) गरी विकासलाई वातावरण मैत्री बनाईने छ।
- आकस्मिक रुपमा प्राकृतिक तथा मानव निर्मित प्रकोपबाट घटेका घटनाको सहयोगका लागि विपद् व्यबस्थापन कोषबाट आवश्यक कार्य गर्ने नीति लिईने छ।
- जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकुलन क्षमता बढाउन नीतिगत व्यवस्था गरिने छ।
- जलबायु परिवर्तनको असर तथा विविध कारणले पानीका मुहानहरु सुक्दै जाने स्थिति देखिएको सन्दर्भमा परम्परागत कुवा, धारा पंधेरा जस्ता पानीको श्रोतहरुको बिशेष संरक्षण गर्ने जलवायु उत्थानशीलता कार्यक्रम तय गरी लागू गरिने छ।
- पञ्चकन्या गाउँपालिकाको हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइने छ।
- जलवायु परिवर्तनको प्रभावबाट पर्ने असरहरु र बच्ने उपायका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिने छ।
- ढुंङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृति स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिने छ।

## (५) संस्थागत विकास

### क) नीति, कानून, न्याय तथा सुशासनः

- गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु पारदर्शी बनाईने छ। डिजिटल नागरिक वडापत्र, सुझाव पेटीका, सूचना अधिकारी लगायतको व्यवस्था गरी गुनासो सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था

गरी नागरिकको मौलिक हकको रुपमा रहेको सूचनाको हकलाई मूर्त रुप दिई नागरिकलाई सुसूचित गरिने छ।

- गाउँ प्रहरीको क्षमता अभिवृद्धि गरी गाउँ प्रहरीको क्षेत्र विस्तार गर्दै कार्य सम्पादनमा अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ।
- गाउँपालिका द्धारा सञ्चालित योजना तथा कार्यक्रममा जनसहभागिता परिचालनलाई जोड दिईने छ। योजना सञ्चालनमा अनिवार्य रुपमा स्थानीयको लागत सहभागिता गर्नुपर्ने नीतिलाई निरन्तरता दिईने छ।
- उपभोक्ता समिति मार्फत गरिने योजनाहरुको समिति बनाउँदा अनुभवी, कुशल र फौजदारी कसुरमा संलग्न नभएका स्वच्छ छबि वनाएका समूहको सहभागीतामा बढि जोड दिईने छ।जनश्रमदानको व्यवस्थालाई अझ बढी महत्व दिइने छ।
- प्रत्येक योजना तथा कार्यक्रममा उपभोक्ताहरुको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडा समिति र गाउँपालिकामा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रवाट सवै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्थालाई निरन्तरता दिईने छ।
- संघ सरकारले घोषणा गरेका करार तथा अस्थाई कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जोड्ने गरी भएको नीतिगत व्यवस्थालाई पालिकाले आवश्यकता र क्षमताका आधारमा क्रमशः लागू गर्दै लगिने छ।
- गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका कार्यहरु नियमित रुपमा गरिने छ।
- स्थानीय तहहरुबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र तेस्रो पक्ष मूल्याङ्कन जस्ता उपकरणहरुको प्रयोग गरी पारदर्शिता, स्वच्छता एवम् आर्थिक सुशासन कायम गरिने छ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारी प्रशासन संयन्त्रलाई सबल, सक्षम, समावेशी, जवाफदेही, सदाचारी, पारदर्शी बनाइने छ।
- वित्तिय जवाफदेहिता र क्षमतामा अभिबृद्धि गरी लेखाङ्कन प्रणालीलाई चुस्त, दुरुस्त बनाउँन विद्युतीय माध्यमको उपयोगलाई निरन्तरता दिईने छ।

- गाउँपालिकाबाट प्रदान हुने सार्वजनिक सेवा, विकास व्यवस्थापन र अन्य विषयमा सबैलाई सूसुचित गराउँन सुशासन ऐन, २०६४ र सोको नियमावली, २०६५ ले तोके बमोजिम सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गरिने छ।
- सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँन खरिद गुरुयोजना तथा खरिद योजना तयार गरी लागू गरिने छ।
- भ्रस्टाचारजन्य क्रियाकलाप प्रति शून्य सहनशीलताको अवधारणा मार्फत सुशासनमा टेवा पुर्‍याईने छ। बेरुजूलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईने छ। तोकिए बमोजिम आन्तरिक लेखा परीक्षण गाउँपालिका लगायत सबै वडा र कार्यालयहरुको अनिवार्य गरिने व्यवस्था हुने छ।
- स्थानीय स्तरमा रहेका देवानी प्रकृतिका विवादहरुलाई स्थानीय स्तरमै निरुपण गर्ने प्रयोजनार्थ न्यायिक समिति र मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।
- **न्याय सम्पादन कार्यविधि,२०७५ लाई समायानुकुल संशोधन गरी** कार्यविधिअनुरुप विवादहरु समाधानलाई निरन्तरता दिँदै सुनुवाईलाई स्वच्छ, सक्षम, पारदर्शी र अनुमानयोग्य बनाईने छ।
- स्थानीय स्तरको विवाद निरुपणमा सामुदायिक मेलमिलापकर्ताहरुको भूमिका प्रभावकारी बनाउन गाउँपालिकामा रहेका सामुदायिक केन्द्रहरुलाई संस्थागत रुपमा सवल बनाइने छ।
- गरिव, असहाय, पिछडिएका तथा सीमान्तकृत नागरिकहरुका लागि निःशूल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराईने छ ।
- गाउँपालिकाबाट हालसम्म निर्माण भएका ऐन, कानूनहरुलाई स्थानीय राजपत्रमा कानून बमोजिम प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

## ख) संगठन, क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह :

- **"स्थानीय सरकार, लोकतन्त्रको आधार"** लाई यथार्थमा रुपान्तरण गर्न गाउँपालिकाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र नागरिकमैत्री बनाईने छ।
- गाउँपालिका अन्तर्गतको शाखा, इकाई र अन्य निकायहरुमा अझ वढी स्वच्छ, सक्षम, निष्पक्ष, चुस्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिने छ।

- संगठन तथा व्यवस्थापन (O&M) सर्भेको प्रतिवेदन बमोजिम कर्मचारीहरुको Right Sizing निर्धारण गरिने छ।
- कार्यपालिका सदस्य र गाउँ सभाका सदस्य ज्यूहरुलाई थप सकृय वनाई सेवा प्रवाहलाई जनमैत्री बनाईने छ।
- कर्मचारीहरुलाई समयपालन, नियमितता र आज्ञापालकको रुपमा विकास गर्न गाउँपालिका, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा अनिवार्य ई-हाजिरीको व्यवस्था गरिने छ।
- दैनिक सेवा प्रवाह सहज बनाउँन, सेवाको प्रभावकारिता अभिवृद्धि गर्न दर्ता, चलानी लगायत सबै सेवालाई Integrated बनाउँन आधिकारिक सरकारी निकायबाट मान्यता प्राप्त सफ्ट्वेयर खरीदको प्रकृया अगाडि बढाईने छ।
- राष्ट्रसेवक कर्मचारीहरुको ज्ञान, क्षमता, सीप र योगदानको उच्च मूल्याङ्न गर्दै हौसला र उर्जा प्रदान गर्न कर्मचारी कल्याण कोषको अवधारणा अघि सार्दै आवश्यक नीतिगत व्यवस्था गरिने छ।
- वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारका रुपमा विकास गरिने कार्यलाई मूर्तरुप दिईने छ। वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न वनाउदै लगिने छ। साथै, आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ।
- कार्यसम्पादन करार गरी गाउँपालिका भित्रका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने परीपाटीको विकास गरिने छ।
- कर्मचारीको कार्यसम्पादनलाई नतिजामा आधारित मूल्याङ्कन गरी दण्ड पुरस्कार प्रणालीको प्रभावकारी कार्यान्वयन गरिने छ।
- निर्माण हुन बाँकी वडा कार्यालयहरुको भवनको निर्माण कार्य यथासक्य छिटो सम्पन्न गरिने छ।
- गाउँपालिका भित्रका नागरिकलाई सरकारी सेवामा प्रवेश गराउने उद्देश्य अनुरुप लोक सेवा आयोग र शिक्षक सेवा आयोग तयारी कक्षाका लागि कार्यक्रम सञ्चालन गरिने छ।
- जनप्रतिनिधि तथा राष्ट्र सेवक कर्मचरीहरुको लागि दुर्घटना बीमा कार्यक्रम सञ्चालन गरिने छ।

## ग) राजश्व तथा स्रोत परिचालन :

- <u>**"स्थानीय सरकार सञ्चालनको आधार, आन्तरिक कर"**</u> लाई गाउँबासी, नागरिक समाज, उद्योग वाणिज्य संघ, स्थानीय विद्यालय सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइने छ।
- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गरी गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन राजश्व सुधार कार्ययोजनाको व्यवहारतः कार्यान्वयन गरी व्यवस्थित रुपमा राजश्व संकलन गर्ने प्रणालिको विकास गरिने छ।
- राजश्व व्यवस्थापनलाई प्रभावकारी, वैज्ञानिक र प्रविधिमैत्री बनाउन अनलाईन प्रणालीबाट व्यवस्थित रुपमा राजश्व संकलन गर्ने प्रणालिलाई निरन्तरता दिँदै **RMIS** लाई थप प्रभावकारी बनाईने छ।
- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न करको दायरा वढाई गाउँपालिका भित्रका सबै नागरिक, संघ संस्था, उद्यमी र व्यवसायीलाई करको दायरामा ल्याईने छ।
- आन्तरिक स्रोतको परिचालनलाई व्यवस्थित वनाउन गाउँपालिकामा छुट्टै राजश्व शाखा वा इकाईको स्थापना गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ।
- **"करलाई रहर"** मा बदल्न करदाताको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदातालाई पुरस्कार र सम्मान प्रदान गरिने छ।
- स्थानीय तहको राजश्वको अधिकार सम्बन्धी सम्पूर्ण सरोकारवाला निकाय तथा नागरिकहरुमा कर सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिने छ।
- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शिता जवाफदेहिता र नागरिकमा सन्तुष्टि कायम हुने गरी कार्यसम्पादनलाई जोड दिईने छ।
- सहभागितामूलक करनीति अवलम्बन गरिने छ ।

**घ) तथ्याङ्क, योजना तथा विकास व्यवस्थापनः**

- गाउँपालिकाको समग्र सूचना संकलन गरी गाउँपालिकाको पार्श्व चित्र बनाई अद्यावधिक गर्दै लगिने छ।
- साविक गाविस हुँदा देखिका अभिलेखहरुलाई कम्प्युटराईज गरी सुरक्षित राख्ने कार्यलाई निरन्तरता दिईने छ।

- समयमै व्यक्तिगत घटना दर्ता गराउन पालिका र वडास्तर सम्म जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी बनाउन ९० वर्षमाथिका नागरिक र पूर्ण अशक्तलाई भत्ता प्राप्तिमा बैङ्कसम्म पुऱ्याउन आवश्यक सहयोग गरिने छ।

६. संघीय सरकार र प्रदेश सरकार सँगको समन्वय, सहयोग र सहकार्यलाई अझबढी प्रगाढ बनाइने छ। संविधान प्रदत्त अधिकारको प्रयोग गर्न आवश्यक थप कानून निर्माण गरिने छ। संघ र प्रदेश स्तरका गाउँपालिकामा कार्यन्वयन हुने योजनाहरुको अनुगमन र सुपरीवेक्षणलाई निरन्तरता दिई कार्यलाई थप पारदर्शी बनाउँन पहल गरिने छ।

७. **"प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधारः स्थानीय सरकार"** को यथार्थतालाई महशुस गर्दै गाउँपालिकाले निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँगको साझेदारी र सहकार्यलाई निरन्तरता दिईने छ। गाउँपालिकामा पूर्व स्वीकृत र समन्वय वेगर यस क्षेत्रमा योजना तथा कार्यक्रम सञ्चालनको अनुमती दिईने छैन।

साथै, शासन सञ्चालन, विकास व्यवस्थापन र सेवा प्रवाह चुस्त, दुरुस्त, छिटो, छरितो, उत्तरदायी र जवाफदेही बनाउँन प्रचलित नीति, नियम र कानुनको पूर्ण पालना गरिने छ।

**अन्त्यमा,**

८. हाम्रा सामु समस्या र चुनौतिका चाङमात्र छैनन् संभावना र अवसरको फराकिलो आधारहरु पनि छन्। प्राप्त भएको सकारात्मक परिवर्तन र उपलब्धिको संरक्षण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र र सुशासनको जगमा शान्त, समृद्ध, विकसित, समन्यायिक र सहिष्णु समाज निर्माणको जिम्मेवारीलाई हामीले कहिलै भुलेका छैनौ र भुल्दैनौ पनि । प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनले समृद्ध पञ्चकन्या निर्माणमा हाम्रो सामूहिक अभियानलाई सार्थक बनाउने विश्वास लिएको छु।

९. अवको हाम्रो यात्रा उपलब्ध स्रोत, साधनको दक्षतापूर्ण, मितव्ययी र प्रभावकारी परिचालनवाट नै गाउँपालिकाको साझा सोच, लक्ष्य र गन्तव्य हाँसिल गर्न सकिन्छ। त्यसकारण यस नीति

तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्ष, क्षेत्र र सरोकारवालाहरुबाट पूर्ण सहयोग मिल्ने आशा, भरोसा र विश्वास लिएको छु।

१०. पञ्चकन्या गाउँपालिकाको सर्वाङ्गीण पक्षको विकासमा योगदान गर्नुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी , श्रमिक,  किसान, नागरिक समाज, सञ्चार जगत, नीजि क्षेत्र, सहकारी संस्थाहरु, गैरसरकारी र सामुदायिक क्षेत्र लगाएत सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद् ।।।**